☎ ०७७-४२०२०५
फ्याक्स: ०७७-४२००००
E-mail
infodcargakhachi@supremecourt.gov.np

# अर्घाखाँची जिल्ला अदालत

## सन्धिखर्क, अर्घाखाँची

पत्र संख्या ०७६।०७७ तहसिल शाखा
चलानी नम्वर मितिः–२०७७/3/१७

सर्वसाधारणको जानकारीका लागि जारी भएको वार्ताद्वारा लिलाम बिक्री सम्वन्धी अत्यन्त जरुरी सूचना ।।।

सूचना प्रकाशन मितिः- २०७७।०३।१७

लिलाम सूचना नं. ३-०७६/०७७

यसमा अदालतको अन्तिम फैसलाले जफत हुने ठहर भएको दशीको सामान जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ को कार्यविधि पुर्याई फैसला वमोजिम लिलाम विक्री गरी प्राप्त रकम राजश्वमा दाखिल गर्न २०७६।११।०१ गते पहिलो पटक र ऐ २२ गते दोस्रो पटक सूचना प्रकाशन गर्दा समेत लिलाम कार्य सम्पन्न हुन नसकेकोले कानुन बमोजिम उक्त ट्रक वार्ता द्वारा लिलाम गरी प्राप्त रकम राजश्वमा दाखिल गर्न अनुमती प्राप्त २००४ सालमा वनेको ना.२ख ८९७० नं. को मोडल नं. LPT1613TC/42 च्यासिस नं. 388002AVZ101198 ईन्जिन नं. 40B62307420 को दशीको सामान ट्रक जे जस्तो अवस्थामा छ, सोही अवस्थामा तपसिलमा उल्लेखित शर्तको अधिनमा रही मिति २०७७।०३।२६ गते वार्ताद्वारा लिलाम वढावढ गरिने हुँदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१. लिलाम वढावढमा सहभागी हुन ईच्छुक व्यक्ति,फर्म कम्पनी वा संघसंस्थाले आफ्नो नागरिकता/ संघ संस्था दर्ताको प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यस अदालतको तहसिल शाखामा उपस्थित भई लिलाम कार्यमा सहभागी हुनु पर्नेछ ।

२. न्युनतम मूल्य रु ९५,०००।-(पन्चानव्वे हजार रुपैया) बाट डाँक वढावढ गरिनेछ ।

३. लिलाम वोलेको १० प्रतिशत रकम तत्काल धरौट राखी वाँकी ९० प्रतिशत रकम ७ दिन भित्र यस अदालतमा दाखेल गर्नु पर्नेछ । समयमा ९० प्रतिशत रकम दाखेल नगरे १० प्रतिशत धरौटी रकम जफत गरी दोश्रो वढी डाँक अंक वोल्ने व्यक्तिलाई क्रमश डाँक सकार गर्न दिईने छ ।

४. लिलाम वोलेको अंकको १३ प्रतिशत मुल्य अभिवृदी कर लाग्ने छ ।

५. लिलाम हुने सवारी साधन ट्रक पुनः दर्ता गरी चलन गर्न नपाईने हुँदा पत्रुको रुपमा आफ्नै खर्चमा लैजानु पर्नेछ ।

६. लिलाम हुने समयः- दिनको ठीक १ वजे देखी २ वजेसम्म ।

७. डाँक लिलाम सम्वन्धी थप कुराहरु जानकारी लिनु परेमा कार्यालय समय भित्र यस अदालतको तहसिल शाखावाट वुझ्न सकिनेछ ।